# "होमस्टे संचालन कार्यविधि, २०७७"

ग्रामिण क्षेत्रका स्थानीय जनसमुदायमा रहेका आर्थिक, सामाजिक रुपमा पिछडीएका विपन्न, महिला,दलित,आदिवासी/जनजातीहरुलाई पर्यटन व्यवसायबाट प्राप्त हुने लाभलाई समुदायको पहुँचभित्र ल्याउने संरचनाको निर्माण गरि होमस्टेको माध्यमबाट पर्यटनको विकास, प्रर्बद्धन, व्यवस्थापन र नियमन गर्न होमस्टे कार्यविधि जारी गर्न आवश्यक भएकोले पाखीवास नगरपालिकाले स्थानीय सरकार संचालन ऐन १०२ को दफा (२) बमोजिम होमस्टे सञ्चालन कार्यविधि, २०७७ बनाई जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम **"होमस्टे सञ्चालन कार्यविधि २०७७"** रहेकोछ । -

२. **परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**,-

(क) **"होमस्टे"** भन्नाले पर्यटकलाई आवास, खाना र अन्य सेवा प्रदान गर्ने उद्धेश्यले आफ्नै घर समुदायमा निजी वा सामूहिक रुपमा सञ्चालन गरिएको सेवा सम्झनु पर्छ ।

(ख) **"शाखा"** भन्नाले पाखीवास नगरपालिकाको उद्योगशाखा सम्झनु पर्छ ।

(ग) **"उपशाखा"**भन्नाले पाखीबासनगरपालिकाको पर्यटन, उद्योग, सहकारी तथा व्यवसाय प्रवर्ध्दन उपशाखा सम्झनु पर्छ ।

(घ) **"कार्यालय"** भन्नाले पाखीवास नगरपालिकाको कार्यालय सम्झनु पर्छ ।

(ङ) **"नगरपालिका"** भन्नाले होमस्टे सञ्चालन हुने पाखीवास नगरपालिकालाई सम्झनु पर्छ ।

(च) **"प्रमुख "**भन्नाले पाखीबास नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

(छ) **"उपप्रमुख"**भन्नाले पाखीबास नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्छ ।

(ज) **"प्रमुख प्रशासकीय अधिकृत"**भन्नाले पाखीबासनगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(झ) **"होमस्टे व्यवस्थापन समिति"** भन्नाले दफा ७ को उपदफा (१) बमोजिम गठन भएको समिति सम्झनु पर्छ ।

(ञ) **"होमस्टे इकाई"** भन्नाले होमस्टे सञ्चालन गर्न व्यवस्थापन समिति अर्न्तगत रहेका प्रत्येक घर सम्झनु पर्छ ।

३. **उद्देश्य :** होमस्टे सञ्चालनका मुख्य उद्देश्य देहाय बमोजिमका हुनेछन्ः-

(क) होमस्टे सञ्चालन गरी पर्यटन क्षेत्रको प्रतिफल नगरपालिकाका सवै समुदायमा पुर्‍याउने ।
(ख) होमस्टे सञ्चालन गरी नगरपालिकाका सवै जनतालाई पर्यटन सेवामा सहभागि गराउने ।
(ग) होमस्टे सञ्चालन गरी नगरपालिकाका समुदायको आयश्रोत बृद्धि गरी जीवनस्तरमा सुधार गर्ने ।

